**राहदानीको निवेदन फाराम भर्ने तरीका :**

(१) थर (Surname) भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रमा उल्लिखित थर लेख्नुपर्नेछ ।

(२) नाम (Given Names) भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको नामको पहिलो र बीचको नाम लेख्नु पर्नेछ । उदाहरणका लागिः

पूरा नाम कृष्ण बहादुर थापा भएका निवेदकले थरमा THAPA र नाममा KRISHNA BAHADUR लेख्नुपर्नेछ ।

बिवाहित महिलाले आफ्नो माइती र पति दुवैको थर लेख्न चाहेमा त्यसो गर्न सकिनेछ । जस्तैः गीता कुमारी गौतम खनाल पूरा नाम भएकी निवेदकले थरमा GAUTAM KHANAL र नाममा GITA KUMARI लेख्नु पर्नेछ । त्यस्तोमा विवाह दर्ताको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

(३) जन्मस्थान (Place of Birth) सम्बन्धी खण्ड भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्मस्थानको जिल्ला वा बेनेलक्समा जन्मेका बच्चाको हकमा बच्चा जन्मेको देशको नाम भर्नुपर्नेछ ।

(४) राष्ट्रियता (Nationality) सम्बन्धी खण्ड भर्दा अङ्ग्रेजीमा NEPALESE भर्नु पर्नेछ।

(५) जन्ममिति (Date of Birth) खण्ड भर्दा निवेदकले नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्ममिति बिक्रम सम्वतमा र त्यसलाई रुपान्तरण गरी इश्वी सम्वतमा समेत लेख्नु पर्नेछ । बिक्रम सम्वतबाट इश्वी सम्वतमा रुपान्तरण गर्दा ७ दिन

सम्मको फरक परेमा सो को पुष्ट्याइ गर्ने प्रमाण पेश गरेमा सो बमोजिमको जन्ममिति राहदानीमा उल्लेख गर्न सकिनेछ । बिक्रम सम्वतबाट इश्वी सम्बतमा जन्ममिति रुपान्तरण गर्दा ३ दिन सम्म फरक परेमा त्यसको पुष्ट्याइ गर्ने थप प्रमाण पेश गर्नु पर्नेछैन ।

(६) लिङ्ग (Sex) खण्ड भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रमा उल्लिखित लिङ्ग (M अथवा F)भर्नु पर्नेछ ।

(७) नागरिकता वा अनुमति नं. (Citizenship or Permit No.) सम्बन्धी खण्ड भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रको नम्बर अथवा बेनेलक्समा जन्मेका बच्चाको हकमा जन्मदर्ता नम्बर भर्नुपर्नेछ ।

(८) जारीमिति (Date of Issue) मा नागरिकताको प्रमाणपत्र जारी भएको मिति वा बेनेलक्समा जन्मेका बच्चाको हकमा जन्मदर्ता जारी भएको मिति उल्लेख गर्नुपर्नेछ ।

(९) जारी भएको स्थान (Place of Issue) मा नागरिकताको प्रमाणपत्र जारी भएको जिल्लाको नाम वा बेनेलक्समा जन्मेका बच्चाको हकमा जन्मदर्ता जारी गर्ने मुलुकको नाम लेख्नुपर्नेछ ।

(१०) पूरानो राहदानी वा यात्रा अनुमतिपत्र नं (Old Passport or Travel Document No.) सम्बन्धी खण्ड भर्दा पहिलेको राहदानीको नम्बर, पहिले एक भन्दा बढी राहदानी लिएको भएमा पछिल्लो राहदानीको नम्बर उल्लेख गर्नुपर्नेछ ।

(१०A) जारी भएको मिति (Date of issue) सम्बन्धी खण्ड भर्दा पूरानो राहदानी वा यात्रा अनुमति पत्र जारी भएको मिति उल्लेख गर्नुपर्नेछ ।

(१०B) जारी भएको स्थान (Place of Issue) सम्बन्धी खण्ड भर्दा पूरानो राहदानी वा यात्रा अनुमतिपत्र जारी भएको जिल्ला वा विदेशबाट जारी भएको राहदानीको हकमा जारी गर्ने नेपाली राजदूतावास रहेको शहरको नाम उल्लेख गर्नुपर्नेछ ।

(११) ठेगाना (Address) सम्बन्धी खण्ड भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको ठेगाना भर्नुपर्नेछ । बसाइँ सराइ गरी ठेगाना परिवर्तन भएकोमा बसाइँ सराइको प्रमाणपत्र वा निर्वाचन आयोगले जारी गरेको मतदाता परिचयपत्रको प्रतिलिपि पेश गरी बसाइँ सरेको ठाउँको ठेगाना लेख्न सकिनेछ ।

(११A-E) ११A देखि E सम्मका खण्ड भर्दा निवेदकको स्थायी ठेगाना भएको जिल्ला, नगरपालिका वा गा.वि.स., वडा नम्बर, टोल वा गाउँको नाम र घर नम्बर/ब्लक नम्बर भएमा सो समेत क्रमैसँग लेख्नुपर्नेछ । घर नम्बर/ब्लक नम्बर नहुनेले घर नम्बरको ठाउँ खाली छाड्न सकिनेछ ।

(१२) इमेल (E-mail) सम्बन्धी खण्डमा निवेदकको सम्पर्क इमेल ठेगाना भएमा प्रष्टसँग उल्लेख गर्नुपर्नेछ ।

(१३) फोन नं. (Phone No.) सम्बन्धी खण्डमा निवेदकको फोन नं भएमा प्रष्टसँग उल्लेख गर्नुपर्नेछ । आफ्नो फोन नभएमा परिवारका सदस्य वा नजिकका चिनजानका व्यक्तिको नम्बर दिन सकिने छ ।

(१४) आपत परेमा खबर गर्ने निकटतम व्यक्तिको (Next of Kin) खण्डमा निवेदक विदेशमा छँदा कुनै संकट परेमा खबर गर्न सकिने नेपालमा भएका निवेदकको परिवारको सदस्य वा आफन्त वा मित्रको नाम र ठेगाना भर्नुपर्नेछ ।

(१४A-G) १४A देखि १४G सम्मका खण्डमा निवेदक विदेशमा छँदा आपत परेमा खबर गर्ने व्यक्तिको पूरा नाम थर, ठेगाना, जिल्ला, गा.वि.स./न.पा., वडा नं, टोल/गाँउ, घर नम्बर, समेत क्रमैसँग भर्नुपर्नेछ ।

(१५) नाता (Relationship) सम्बन्धी खण्डमा आपत परेको बेलामा खबर गर्नुपर्ने व्यक्तिसँग निवेदकको के नाता पर्छ सो उल्लेख गर्नुपर्नेछ ।

(१६) फोन नं.(Phone No.) सम्बन्धी खण्डमा आपत परेमा खबर गर्नुपर्ने व्यक्तिको फोन नम्बर भएमा सो लेख्नुपर्नेछ ।

(१७) इमेल (E-mail) सम्बन्धी खण्डमा आपत परेमा खबर गर्नुपर्ने व्यक्तिको इमेल भएमा सो प्रष्टसँग लेख्नुपर्नेछ ।

(१८) फारामको अन्त्यमा तोकिएको बक्सभित्र पर्ने गरी निवेदकको दायाँ र बायाँ बुढी औंलाको छाप प्रष्टसँग लगाउनुपर्नेछ । निवेदकको सही (Applicant's Signature) सम्बन्धी कोठामा निवेदकले पूरा हस्ताक्षर गर्नुपर्नेछ । उक्त हस्ताक्षर डिजिटल प्रविधिबाट निवेदकको राहदानीमा राख्नुपर्ने हुँदा हस्ताक्षर पूरा र प्रष्ट नभएमा निवेदक स्वयं जिम्मेवार हुनुपर्नेछ । निरक्षर भएमा हस्ताक्षर गर्नुपर्ने बक्समा × चिन्ह लगाउनु पर्नेछ ।